# नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान
## NEPAL ACADEMY OF FINE ARTS

# 'राष्ट्रिय ललितकला प्रदर्शनी-२०७७ सम्बन्धी जरुरी सूचना'

**सूचना प्रकाशित मिति: २०७६/१०/१४**

**यस प्रतिष्ठानद्वारा २०७७ साल वैशाख २ गते आयोजना गरिने "राष्ट्रिय ललितकला प्रदर्शनी-२०७७" (NATIONAL FINE ARTS EXHIBITION-2020)मा सहभागी हुन नेपालभरिका ललितकलाकर्मीहरुलाई यो सूचना प्रकाशित भएको एक महिनाभित्र प्रतिष्ठानको कार्यालय नक्सालमा कलाकृतिहरू बुझाउन हार्दिक आह्वान गरिन्छ । यो सूचना प्रतिष्ठानको वेवसाइट www.nafanepal.org मा पनि हेर्न सकिनेछ ।**

### ❖ राष्ट्रिय ललितकला प्रदर्शनीमा सहभागि हुन सकिने विधाहरु:

१. परम्परागत चित्रकला : पौभा, थाङ्का
२. आधुनिक चित्रकला : समसामयिक चित्र तथा मुद्रणकला (Print Making)
३. परम्परागत मूर्तिकला
४. आधुनिक मूर्तिकला
५. लोककला : मिथिलाकला, थारुकला, नेवारीकला तथा अन्य
६. हस्तकला/शिल्पकला : परम्परागत र समसामयिक
७. वास्तुकला तथा अन्य सिर्जनात्मक कला
   क. वास्तुकला : सिर्जनात्मक मौलिक शास्त्रीय (Classsic) तथा समसामयिक(Contemporary) वास्तुकला
   ख. प्रतिस्थापन तथा भावभङ्गिमा कला (Installation and Performance Arts)
   ग. ग्राफिक्स कम्युनिकेसन (Graphics Communication) : कार्टुन र पोष्टर (Cartoon and Poster)
   घ. सिर्जनात्मक छविकला (Creative Photography) तथा सिर्जनात्मक भिडियोकला (Creative Video Art)

### ❖ प्रदर्शनीसम्बन्धी नियमहरु :

१) प्रतियोगिता तथा प्रदर्शनीका लागि सहभागी गराइने कलाकृतिहरु एक वर्षभित्र रचना गरिएको, मौलिक हुनुका साथै कुनै पनि प्रदर्शनीमा समावेश नभएको हुनुपर्नेछ।
२) कलाकृतिहरुको माध्यम विविध हुन सक्नेछन् ।
३) सहभागी हुने कलाकारको उमेर अठार वर्षभन्दा माथि र नेपाली नागरिक हुनुपर्नेछ।
४) कलाकारले कलाकृतिहरु बढीमा दुई थान मात्र बुझाउन सक्नेछन् ।
५) प्रदर्शनीका लागि प्राप्त कलाकृति सहभागी गराउने/ नगराउने सम्पूर्ण अधिकार छनौट समितिमा निहित रहनेछ।
६) पुरस्कार सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार पुरस्कार मूल्याङ्कन समितिको सिफारिसमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्मा निहित रहनेछ।
७) प्रदर्शनीमा सहभागी भएका कलाकृतिहरु प्रदर्शनी सकिएको एक हप्ताभित्र फिर्ता लानुपर्नेछ। तोकिएको समयभित्र फिर्ता नलगी कलाकृति हराएमा, बिग्रिएमा वा कुनै हानी-नोक्सानी भएमा प्रतिष्ठान जिम्मेवार हुनेछैन ।
८) सहभागी हुन चाहने कलाकारले आफ्नो व्यक्तिगत विवरण (बायोडाटा), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र १थान रङ्गीन पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्नेछ।
९) सहभागी कलाकारहरुले दर्ता फाराममा उल्लेखित पूर्ण विवरणहरु भेरर मात्र आफ्ना कलाकृतिहरु बुझाउन सक्नेछन् ।
१०) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारले फाराम शुल्क वापत रू. १००/-(एक सय) बुझाउनु पर्नेछ।
११) भवितव्य परी कुनै पनि कलाकृतिहरुको हानि-नोक्सानी हुन गएमा प्रतिष्ठान जवाफदेही हुनेछैन।
१२) एक जना कलाकारले कुनै एक विधामा मात्र पुरस्कार प्राप्त गर्नेछ। तर सहभागिता भने कुनै दुई विधासम्ममा लिन सक्नेछन् ।
१३) प्रदर्शनी सम्बन्धमा थप आवश्यक जानकारी लिनु परेमा कार्यालय समयभित्र प्रतिष्ठानमा सम्पर्क राख्न सकिनेछ।

### ❖ प्रदर्शनीमा निम्न बमोजिम मापदण्डमा परेका कलाकृतिहरु मात्र समावेश गरिनेछ।

**१) चित्रकला :** न्यूनतम आकार २ × २ र अधिकतम आकार ६ × ६ फिटसम्मको हुनुपर्नेछ। मुद्रणकलाको हकमा न्यूनतम १ × १ वर्ग फिटको हुनुपर्नेछ।
**२) मूर्तिकला :** स्ट्याण्ड वा प्याडेस्टलबाहेक १ फिटभन्दा माथिको हुनुपर्नेछ। सजिलैसँग टुटफुट हुनसक्ने मूर्तिहरु टुटफुट हुन गएमा प्रतिष्ठान जिम्मेवार हुने छैन ।
**३) वास्तुकला (Architecture)** मौलिक र सोको सृजनात्मक मोडेल घटीमा (वेसमेन्टबाहेक) २ × १.५ × १, बढीमा ६ ×४ × ३ फिट आकारसम्मको हुनुपर्नेछ साथै त्यसको हेण्ड ड्रईङ वा स्केच समेत पेश हुनुपर्नेछ।
**४) छविकला** (Photography) **:** १ वर्ग फिटदेखि ३ वर्ग फिटसम्मको फ्रेमसहित हुनुपर्नेछ।
**५) भिडियो आर्ट :** बढीमा २ वटा क्लिप्ससम्म अधिकतम ३ मिनेटका CD/DVD मा सम्पादन सहितको २ थान हुनुपर्नेछ।
**६) प्रतिस्थापन कला** (Installation Art) **:** बढीमा ३०० वर्गफिटमा प्रतिष्ठानद्वारा तोकिएको स्थानमा प्रदर्शनी सुरु हुनुभन्दा केही दिन अगाडि प्रतिस्थापन गर्नुपर्नेछ। उक्त प्रदर्शनबाट छनौट भएपछि मात्र राष्ट्रिय ललितकला प्रदर्शनीमा सहभागी गराइने छ। सो कलारचनाको दृश्य फोटोहरु तीन/चार साइडको एक-एक प्रति पेश गर्नु पर्नेछ।
**७) भावभङ्गीमा कला :** (Performance Arts) को हकमा भने बढीमा ५ मिनेटसम्मको Video Clips छनौटका लागि उपलब्ध गराउनुपर्नेछ। भावभङ्गीमा कला प्रतिष्ठानले तोकेको स्थानमा केही दिन अगाडी प्रस्तुत गर्नुपर्नेछ। सो प्रदर्शनबाट छनौट भएपछि मात्र राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गराइने छ।
**८) कार्टुन र पोस्टरकला :** न्यूनतम आकार २ × २ वर्ग फिटसम्मको हुनुपर्नेछ।

### ❖ पुरस्कृत कलाकृतिहरुका लागि निम्नबमोजिमको नगद पुरस्कार र प्रमाणपत्रको व्यवस्था गरिएको छ।

**क. ललितकलातर्फ :**

| विधा | राष्ट्रिय ललितकला पुरस्कार | विशेष पुरस्कार |
|---|---|---|
| १. क.**परम्परागत चित्रकला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले दुईजनालाई |
| ख.**आधुनिक चित्रकला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले तीनजनालाई |
| २. क.**परम्परागत मूर्तिकला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले दुईजनालाई |
| ख.**आधुनिक मूर्तिकला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले दुईजनालाई |
| ३. **हस्तकला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले दुईजनालाई |
| ४. **लोककला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले दुईजनालाई |
| ५. **वास्तुकला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले एकजनालाई |
| ६. **अन्य सृजनात्मक कला** | रू. ६०,०००/- एकजनालाई | रू. २५,०००/-का दरले तीनजनालाई |

**ख. कला लेखन :**

१. राष्ट्रिय ललितकला लेखन पुरस्कार — रू. २५,०००/- एकजनालाई ।
२. राष्ट्रिय ललितकला पत्रकारिता पुरस्कार — रू. २५,०००/- एकजनालाई ।

**ग. प्रादेशिक पुरस्कार :** प्रत्येक प्रदेशबाट १/१ जना गरी ७ प्रदेशलाई रू. २५,०००/-का दरले ७ जनालाई ।

*(प्रादेशिक पुरस्कारको हकमा स्थानीय प्रदेश क्षेत्रमा क्रियाशील रही राष्ट्रिय ललितकला प्रदर्शनीमा समेत सहभागी भएका कलाकारहरु मात्र पुरस्कारका लागि योग्य हुनेछन् ।)*

❖ **विशेष कार्यक्रमहरु :** आर्ट टक, आर्ट डिमोन्स्ट्रेसन, आर्ट वर्कसप, कला पुस्तक प्रदर्शनी र ख्याति प्राप्त कलाकारसँग अन्तर्क्रिया पनि आयोजना गरिनेछ ।

**नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, नक्साल, काठमाडौं ।**
**टेलिफोन :४४११७२९/४४११६४५ E-mail: info@nafanepal.org; chancellor@nafanepal.org**